सगुन सौगात मिडिया प्रा.ली.को प्रस्तुति सबैका लागि सञ्चार

# सिन्धुली सौगात

राष्ट्रिय दैनिक

sindhulisaugat.com




सिन्धुली भित्र र बाहिरका जिल्लामा सामान ओसारपसार कालागि हामीलाई सम्पर्क गर्नुहोस् ।

☎ ९८४९१४४७१५ (राम लो)

वर्ष १३ अंक ३१ | श्रावण ३१ बुधबार, २०८० (Wednesday 16 August, 2023) | पृष्ठः ४ | मूल्यः रु. ५/

# होटलको हब बन्दै सिन्धुली

## यातायातको चाप बृद्धिसँगै विभिन्न ठाँउ होटलको हबको रुपमा विकासित हुँदै

■ सिन्धुली सौगात

सिन्धुली - बीपी राजमार्गमा यातायातको चाप बृद्धिसँगै सिन्धुली जिल्लाका विभिन्न ठाँउ होटलको हबको रुपमा विकासित हुदै गएका छन् ।

बीपी राजमार्ग खुलेसँगै सिन्धुली जिल्लाको सदरमुकाम सिन्धुलीमाढी सहित खनियाखर्क, खुर्कोट, खाल्टे, मुल्कोट, रातमाटा र नेपालथोक सहितका ठाँउमा ठुला लगानीका होटल खुल्न थालेको हो । काठमाडौँसँग पुर्वी पहाड तथा तराईका जिल्लालाई छोटो दुरीमा जोड्ने बीपी राजमार्गसँग जोडीएका यी ठाँउमा यतिखेर सयौं होटल खुलिसकेका छन् ।



सुनकोशी गाँउपालिका स्थित मुलकोटमा खुलेका होटल मध्ये ६० प्रतिशत बढी होटलहरु व्यवस्थित रहेको स्थानिय बासिन्दा बताउछन् । “ट्याक सडक खुलेदेखिनै होटल खोल्ने क्रम सुरु भएको थियो यस क्षेत्रमा,” सुनकोशी गाँउपालिका-६ निवासी नबिन पौडेलले भन्नुभयो, “राजमार्ग पुर्ण रुपमा सञ्चालनमा आएपछि मुल्कोटमा करोडौ लगानीका होटल धमाधम खुलेका छन् । खुलेका होटल सबै भरीभराउनै हुन्छन् ।”

सुनकोशी गाँउपालिका अन्तर्गतका खाल्टे, चैनपुर, मुलकोट, रातमाटा र नेपालथोक लगायतका ठाँउ होटलको हबको रुपमा विकसित हुदै गएको उहाँले सुनाउनुभयो ।

बीपी राजमार्गसँग जोडिएको मध्यपहाडी राजमार्गले पुर्वी पहाडका ओखलढुङ्गा, सोलुखुम्बु, खोटाङ्लाई जोडेको छ । तराई र पूर्वी पहाडका जिल्लालाई छोटो दुरीमा राजधानी काठमाडौँसँग जोड्ने भएकाले बीपी राजमार्गमा सधै यातायातका चाप हुने पौडेलको भनाई छ ।

यात्रा गर्ने क्रममा बीपी राजमार्गको नागबेली दृश्यको अवलोकनका लागि बीपी राजमार्ग रोजाईमा पर्न थालेपछि यस क्षेत्रमा होटल खुल्न थालेको हो । “यहाँका धेरै होटल सधैजसो भरीभराउ हुन्छ,” सुनकोशी गाँउपालिकाका उपाध्यक्ष कपिल कोईरालाले भन्नुभयो, “पर्यटकलेनै धेरैजसो ठुला होटल भरिएका हुन्छन् ।” उहाँका अनुसार ठुला तथा साना लगानीका होटल बीपी राजमार्गमा प्रसस्तै खुलेका छन् ।

स्थानीय बासिन्दाका अनुसार पछिल्लो समयमा सबैभन्दा बढी होटल मुल्कोट र खुर्कोटमा खुलेका छन् । राजमार्ग निर्माणले जिल्लामा आन्तरिक तथा वाह्य पर्यटकको आवागमन बढेपछि व्यवसायीहरुले होटलमा लगानी गर्न थालेका हुन् ।

नयाँ होटल खोल्ने र पुरानाले सुविधा थप्न थालेपछि होटल व्यवसायमा लगानी बढेको सिन्धुली होटल व्यवसायी संघका अध्यक्ष अमृतबहादुर श्रेष्ठ बताउनुहुन्छ । “मानिसहरुको आवत जावत बढेसंगै बीपी राजमार्गका छेउ-छेउमा यात्रुहरुको सुविधाको लागि होटलहरु सञ्चालन हुने क्रम वढेको हो,” उहाँले भन्नुभयो, “मुल्कोटमा सुविधा सम्पन्न होटल रिसोर्ट समेत खुलेका छन् ।”

एक दशक अघिसम्म जिल्ला सदरमुकाम सिन्धुलीमाढीमा सामान्य काठका घरमा सिमित रहेका होटल यतिखेर ठूला होटलमा परिणत हुदै गएको स्थानीय बासिन्दा बताउछन् । “ठूला-ठूला पक्कि घरमा सुविधा सम्पन्न होटल खुल्ने क्रम बढेको छ,” सिन्धुली उद्योग बाणिज्य संघका अध्यक्ष अर्जुन कुमार श्रेष्ठ भन्नुहुन्छ, “पहिले भिआईपी पाहुन आउदा कता राख्ने भन्ने समस्या थियो, अहिले जति आएपछि राख्नको समस्या छैन । सुविधा सम्पन्न होटल दिनदिनै थपिदै गएका छन् ।” ठूला होटल बढेसँगै पर्यटन प्रबर्द्धनमा समेत सहयोग पुगेको उहाँले बताउनुभयो ।

# सिन्धुलीमा सवारी दुर्घटनामा १२ जना घाइते

■ सिन्धुली सौगात

सिन्धुली - सिन्धुलीमा फरक फरक सडक दुर्घटनामा परि १२ जना घाइते भएका छन् । मंगलबार बिहान अन्दाजि दुई बजे वि.पि राजमार्गमा बर्दिवासबाट काठमाडौंतर्फ जादै गरेको ट्रक र एम्बुलेन्स एकआपसमा ठोक्किदा एम्बुलेन्समा सवार चालक चार जना घाईते भएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जनाएको छ । तीनजनाको अवस्था मध्यम र एकजना समान्य घाईत भएको प्रहरीले जनाएको छ ।

जिल्लाको सुनकोशी गाउँपालिका ५ मुल्कोट नजिक प्रदेश १-०२-००१ ख ८८०० नम्बरको ट्रकको पछाडिबाट जाँदै गरेको बा. २.भ. ३१०७ नम्बरको बर्दिवास नगरपालिकाको एम्बुलेन्स एकआपसमा ठोक्किएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका प्रवक्ता प्रहरी नायव उपरिक्षक चिरञ्जिवि दाहालले जानकारी दिनुभयो । घाइतेको उपचारकालागी धुलिखेल अस्पताल पठाइएको र ट्रक चालकलाई नियन्त्रणमा लिइएको दाहालले बताउनुभयो । यस्तै, मंगलबार विहान अन्दाजी १०:५० बजेको कमलामाई नगरपालिका ४ खट्टार स्थित मदन- भण्डारी सडक-खण्डमा अटो दुर्घटना हुदाँ चार जना घाइते भएका छन् । सिन्धुलीमाढीबाट मरिणतर्फ जादै गरेको प्र २-०२-००१ ह ०९६८ न. को अटो अनियन्त्रित भई सडकमा पल्टी दुर्घटना हुँदा अटोमा सवार चालक सहित ४ जना घाईते भएका हुन् । घाइतेको सिन्धुली अस्पताल उपचार भइरहेको छ ।

घाइते हुनेमा अटो चालक मरिण गाउँपालिका ४ का ३७ वर्षियको कृष्ण बहादुर स्याङतानको कानको साईडमा चोट लागेको छ । उहाँको सिन्धुली अस्पतालमा सामान्य उपचार पछि डिस्चार्ज भइसकेको छ । यस्तै अटोमा सवार ४४ वर्षिय सर्मिला वाईबा दुबै हात र खुट्टामा चोट लागेको छ । ३४ वर्षिय चित्र बहादुर श्रेष्ठ दाहिने हात र टाउकोमा चोट र कमलामाई नगरपालिका २ कुशुमटार का ३५ वर्षिय उमेश मोक्तानको टाउकोमा चोट लागेको छ । मोक्तानको सामान्य उपचार पश्चात डिस्चाज भइसकेको प्रहरीले जनाएको छ ।

त्यसैगरी, सोमबार राती ९ बजे कमलामाई नगरपालिका वडा नं. ४ साथी होटल नजिक बि.पि.राजमार्गमा मोटरसाइकल आफैं अनियन्त्रित भई दुर्घटना भएको छ । चियाबारीबाट सिन्धुली बजार तर्फ आउदै गरेको ज १२ प ७६३६ नम्बरको मोटरसाइकल सडकको बाँया दिशाको नालिमा खस्दा मोटरसाइकल चालक कमलामाई २ भद्रकाली बस्ने वर्ष २६ को सरोज बम्जनको दुवै खुट्टामा चोट लागेको सिन्धुली प्रहरीले जनाएको छ । घाईतको जिल्ला अस्पताल सिन्धुलीमा सामान्य उपचार पश्चात बिएण्डबि अस्पताल ललितपुरमा लगि उपचार भई रहेको र उनको अवस्था मध्यम रहेको प्रहरीले जानकारी दिएको छ ।

सोमबार दिउँसो अन्दाजी एक बजे टोएटा पिकप गाडी र मोटरसाइकल एकआपसमा ठोक्किदा दुर्घटना भएको छ । जिल्लाको फिक्कल गाउँपालिका ४ खाङ्साङ बजार स्थित मध्यपहाडि लोकमार्गमा ओखलढुंगाबाट काठमाडौं आउँदै गरेको बा ९७९३ नम्बह्श्८रको टोएटा पिकप गाडि र बिपरित दिशा काठमाडौबाट ओखलढुंगा तर्फ जाँदै गरेको बा.प्र. ०२-००१ ब ६०२४ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मोटरसाइकल चालक र सवार दुवैजना घाईते भएका छन् ।

# सिन्धुलीमा प्राविधिक शिक्षा संचालन हुने क्रम बढ्दो

■ सिन्धुली सौगात

सिन्धुली, - सिन्धुली जिल्लामा पछिल्लो समय प्राविधिक शिक्षा संचालन हुने क्रम बढ्दो छ । जिल्लामा विद्यालय तह ९-१२ सम्मको प्रि-डिप्लोमा तथा डिप्लोमा तह सम्मका प्राविधिक शिक्षा संचालन हुनेक्रम बढेको हो । सिन्धुलीमा विद्यालय तह ९-१२ सम्मको प्रि-डिप्लोमा पढाइहुने ८ वटा र सिटिइभिटीद्धारा संचालित डिप्लोमा तह सम्म ९ वटा बिद्यालययमा प्रविधिक शिक्ष संचालित छन् ।

जिल्लाको सुनकोशी गाउँपालिका ३ स्थित प्रगतीशिल मावि, कमलामाई नगरपालिका ६ स्थित गौमती मावि, दुधौली नगरपालिका ४ स्थित सरस्वती मावि डकाहामा सिभिल इन्जिनीयरिङ, दुधौली नगरपालिका ९ स्थित मावि लदाहाभिर, कमलामाई नगरपालिका १३ रानीबास स्थित प्रभात रानीबास र घ्याङलेख गाउँपालिका ५ स्थित नेत्रकाली मावि आँपडाडामा बाली बिज्ञान पढाइ हुदै आएको छ । उक्त बिद्यालयहरुमा इन्जिनीयरिङ र बाली बिज्ञान, शिक्षा तथा मानव स्रोत केन्द्र मार्फत संचालित कार्यक्रम हुन् ।

त्यस्तै सिटीभिटि मार्फत

*बाकीं ३ पेजमा*

# सरकारी कार्यालय नै छैनन् अपांगमैत्री

■ सिन्धुली सौगात

सिन्धुली - सिन्धुली जिल्लामा रहेका सरकारी कार्यालयहरु अपाङ्गमैत्री नहुदा सेवा सुविधा लिन अपाङ्ग व्यक्तिहरुले निकै सास्ती भोग्दै आएका छन् ।

राज्यले सरकारी तथा सार्वजनीक स्थल, भवन तथा कार्यालय अपाङ्गमैत्री हुनु पर्ने घोषणा गरेको एक दशक बितेपनि सिन्धुलीमा भने त्यसको कार्यान्वयन हुन नसकेको अपाङ्ग व्यक्तिहरुको गुनासो पाईन्छ । जिल्लामा रहेका पुराना सरकारी कार्यालयहरुमा यस्तो व्यवस्था गर्न सकिएको छैन् भने नयाँ बनेका भवनहरुमा समेत यस्तो व्यवस्था हुन नसकेको सरोकारवालहरुले गुनासो गरेका छन् ।

“हामीहरु ह्वील चियर तथा बैशाखीको भरमा हिड्नु पर्ने बाध्यता छ,” दुबै खुट्टा अशक्त सदरमुकामस्थित सिन्धुलीमाढी बजार निवासी इच्छाबहादुर आछामीले गुनासो गर्दै भन्नुभयो, “यहाँका सरकारी कार्यालयमा सानो सिफारीस लिन जाँदा समेत सहयोगी मान्छे लैजानु पर्छ । तीन फुटदेखि तीन तला माथीसम्म हुन्छ कार्यालयको ढोका । न ह्वील चियर नै जान्छ न बैशाखी कै भरमा उक्लन सकिन्छ ।”

राज्यले हरेक सरकारी भवनहरु अपाङ्गमैत्री हुन पर्ने भने पनि सिन्धुली जिल्लामा भर्खरै बनेको जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयको भवन मात्रै अपाङ्गमैत्री छ । नयाँ बनेका जिल्ला अदालत, जिल्ला सवन्वय समिति, डिभिजन वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, नापी कार्यालय लगायत गाँउपालिका तथा नगरपालिका जस्ता कार्यालयहरुमा समेत यस्तो व्यवस्था नभएकोमा आछामीले दुःख व्यक्त गर्नुभयो ।

सरकारले २०६० सालमा अपाङ्गमैत्री भवन निर्माण आचारसंहिता निर्माण गरेको थियो । २०६९ मा ‘भौतिक संरचना र सञ्चार निर्देशिका’ बनेको छ । आचारसंहिता र निर्देशिकामा त्यस यता बन्ने सरकारी तथा सार्वजनीक भवनहरुमा ढोका, भऱ्याङ, शौचालय तथा सेवा सुविधा प्रदान गर्ने स्थल अनिवार्य रुपमा अपाङ्गमैत्री हुनु पर्ने व्यवस्था छ ।

तर आचारसंहिता जारी भए यतामात्रै जिल्लामा तीन दर्जनबढी सरकारी भवनहरु बनेका छन् । “ती भवनहरु कुनैमा पनि यस्तो व्यवस्था छैन”, अपाङ्ग कल्याण संघ सिन्धुलीका निवर्तमान अध्यक्ष समेत रहेका आछामीले भन्नुभयो, “ग्रामीण क्षेत्रका प्रहरी चौकीका भवन, वडा कार्यालय, स्वास्थ्य चौकीमा समेत यस्तो व्यवस्थाको कार्यान्वयन भएको छैन् ।”

“जिल्लामा कुल जनसंख्याको मध्ये करीब छ हजारको सख्यामा अपाङ्गहरु छन् । यस्ता अपाङ्गहरु नागरिकता तथा अपाङ्ग परिचयपत्र बनाउन पनि त्यस्ता कार्यालय नगई हुदैन,” उहाँले थप्नुभयो, “यस्ता कार्यालय भवनमा सहजै ह्वील चियर पस्ने कुनै पनि ढोका र भऱ्याङहरु छैनन् । बैशाखीको भरमा पनि कठिन हुन्छ । कुनै कार्यालयहरु त तिन तले अग्ला भवनमा छन् । शौचालयको त झन कुरै छाडौं अपाङ्गहरुले प्रयोग नै गर्न सक्दैनन् ।”



छपाई सम्बन्धि विभिन्न सेवाहरुका लागि सगुन सौगात मिडिया प्रा.लि लाई सम्झनुहोस्।

हाम्रा सेवाहरू: अत्याधुनिक मेसिनबाट रसिद, बिल, भौचर, पम्पलेट, ब्रोसर, डायरी, लेटरप्याड, फारम, रजिष्टर, प्रमाणपत्र, क्यालेण्डर, टिसर्ट, भिजिटिंग कार्ड लगायत विद्यालयहरूकालागि आवश्यक छपाई सम्बन्धी सम्पूर्ण कार्य गुणस्तरीय एवं सुपथ मुल्यमा गरिन्छ ।

सम्पर्क ☎०४७-५२१०९५, ९८१२१८७६१९ (प्रो. सगुन रायमाझी), कनपा-५, मधुटार, सिन्धुली

सिन्धुली सौगात पत्रिका PDF मा हेर्न epaper.sindhulisaugat.com खोल्नुहोस् ।

## सम्पादकीय

# स्थलमार्ग आवागमनलाई सहज बनाऊ

केहि दिनअघिको निरन्तर वर्षाले सिन्धुलीका मुख्य तथा ग्रामिण सडक अवरुद्ध भएका छन् । बाढीपहिरोका कारण जिल्लामा प्रत्यक्ष परोक्ष धेरै पक्ष प्रभावित भएका छन् । उद्धार, राहत, पुनर्स्थापना, स्वास्थ्यसँगै मानिसहरुको आवागमनसमेत नराम्री प्रभातिवत भएको छ । विपी राजमार्ग, मदन भण्डारी राजमार्ग, पुष्पलाल (मध्यपहाडी) लोकमार्गका विभिन्न भागमा क्षति पुगेको छ भने ग्रामीण सडकको अवस्था दयनिय छ । अविरल वर्षा र बाढीका कारण विभिन्न सडकखण्डमा क्षति पुगेको छ । पहिरो पन्छाएरै जसोतसो सडक संचालन गरितापनि यात्रुहरु जोखिम मोलेर यात्रा गर्न बाध्य छन् । स्थानिय देखि तीनै तहको सरकारको मुख्य प्राथमिकता अब ती अवरोध हटाउनफर्त केन्द्रित हुनुपर्छ । उद्धार र राहतसँगै सरकारले आवागमन सहज बनाउनेतर्फ सक्रिया देखाउनु जरुरी छ ।

सरकारले बाढी पहिरो पीडित सिन्धुलीजनलाई नियमित जिवनमा फर्काउन आफ्ना सबै संयन्त्र र शक्ति परिचालन गर्नुपर्छ । न्यूनतम र आधारभूत सेवा उपलब्ध भएपछि आम मानसिले सुरक्षित रहेको अनुभूति गर्न सक्छन् । त्यसकारण पनि आवागमन सहज बनाउँदै अत्यावश्यक सेवा उपलब्ध गराउने विषयमा सम्बन्धित निकायले ढिलाई गर्नुहुदैंन । विशेषगरि, जिल्लाका भित्रि सडकहरु अवरुद्ध हुँदा स्थानियले जोखिमपुर्ण यात्रा गर्नुपर्ने बाध्यता छ । केहि ठाउँमा हिलो र लेदौंले गाडी चिप्लिने र दुईतर्फि गाडी संचालन गर्नसमेत मुश्किल छ । तसर्थ, स्थानिय सरकारले त्यस्ता जोखिमयुक्त सडकमा तत्काल मर्मत संभार गर्नतर्फ विशेष प्राथमिकता दिन जरुरी छ । अतः स्थलमार्ग आवागमनलाई सहज बनाउनतर्फ सम्बन्धित निकाय गम्भिर हुन आवश्यक छ ।

## आर्थिक समाचार

# बरामदे सुन सरकारले के गर्छ ?

■ सिन्धुली सौगात

काठमाडौं - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार छलेर अवैधरूपमा नेपाल भित्रिएको सुन नेपाल राष्ट्र बैंकको टक्सार महाशाखाले मंगलबार गालेर बिस्कुट आकारका ३४ वटा बनाएको छ ।

३४ वटा पानाको कूल तौल ६० केजी ७१६ ग्राम भएको छ । राजस्व अनुसन्धान विभागले एक क्विन्टल भनेको सुनको परिणाम 'ब्रेक सु'सहित जोख्दा १५५ केजी ४६८ ग्राम भएको थियो । तर, ब्रेक सुबाट सुन छुट्याउँदा ६० केजी ७८९ ग्राम भएको थियो । ब्रेक सुबाट झिकेर मंगलबार गाल्दा जर्ति ७३ ग्राम गएको छ ।

तर, यो सुनको गुणस्तर भने अहिले परीक्षण गरिएको छैन । अब गुणस्तर परीक्षण गरिने टक्सार महाशाखा प्रमुख थानेश्वर आचार्यले बताउनुभयो ।

"अब हामीले आसय परीक्षणका लागि छुट्याएका छौं । आसय परीक्षण गरिसकेपछि यो सुनको गुणस्तर आउने छ," उहाँले भन्नुभयो, "शुद्ध सुन हो वा कमसल सुन हो, जे हो त्यो थाहा हुनेछ । परीक्षण गर्न एक हप्ता लाग्नेछ ।"

आसय परीक्षण भनेको सुनको गुणस्तर नाप्ने प्रणाली हो । गुणस्तर नाप्ने प्रणाली राष्ट्र बैंकसँग नै रहेको आचार्यले बताउनुभयो । यसरी गुणस्तर परीक्षण भएर आएपछि राष्ट्र बैंकले अन्तर्राष्ट्रिय बजार मूल्यभन्दा पाँच प्रतिशत थप गरी खरिद गर्ने उहाँले बताउनुभयो ।

***अब के गरिन्छ यो सुन ?***

यही साउन २ गते राजस्व अनुसन्धान विभागको टोलीले तस्करीको सुन बरामद गरेको थियो । मोटरसाइकल र स्कुटीको ब्रेक सुभित्र राखेर सुन भित्र्याइएको खुलेको थियो । सुनको राजस्व छली गरेको अनुसन्धान अहिले भइरहेको छ ।

राजस्व अनुसन्धान विभागले उक्त मुद्दा प्रहरीको केन्द्रीय अनुसन्धार ब्यूरो (सीआईबी)लाई दिएको छ । अनुसन्धान प्रक्रिया टुङ्गिइसकेपछि उक्त सुन राष्ट्र बैंकले खरिद गर्नेछ । यसरी सरकारसँग सुन खरिद गर्दा राष्ट्र बैंकले अन्तर्राष्ट्रिय बजार मूल्यभन्दा पाँच प्रतिशत बढी रकम दिने गरेको आचार्यको भनाइ छ ।

यो मुद्दाको अदालती प्रक्रिया पूरा सकिसकेपछि उक्त सुनको मूल्य बराबरको रकम सरकारको खातामा राजस्वका रूपमा जम्मा हुन्छ भने सुन राष्ट्र बैंकमा सञ्चितीका रूपमा रहन्छ । यस्तो सुनबाट राष्ट्र बैंकले असर्फी बनाउने र बिक्रीसमेत गर्ने गर्छ ।

नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक नरबहादुर थापाका अनुसार यसरी बरामद भएको सुनलाई राष्ट्र बैंकले विदेशी विनिमय सञ्चितिमा गणना गर्नेछ । "राष्ट्र बैंकले यस्तो सुन बैंकहरूलाई पनि बिक्री गर्न सक्छ । राष्ट्र बैंकमा सुन बढ्दै गयो भने विदेशमा गोल्ड इन्भेष्मेन्ट पनि गर्छ," उहाँले भन्नुयो, "विदेशमा गोल्ड लगानी गर्ने सिस्टम हुन्छ । राष्ट्र बैंकले यो अभ्यास गरिसकेको छ ।"

जेठ मसान्तसम्म नेपाल राष्ट्र बैंकले ६५ अर्ब ७८ करोड ११ लाख रुपैयाँ विदेशमा लगानी गरेको छ । "जसरी सरकारले विदेशी लगानी भित्र्याएर राष्ट्र बैंकलाई दिन्छ, त्यो डलर बराबरको पैसा राष्ट्र बैंकले सरकारलाई दिन्छ । कुल विदेशी मुद्रा सञ्चितिमध्ये सुनको लगानीलाई पनि गणना गरिने गरिएको छ," थापाले भन्नुभयो ।

राष्ट्र बैंकले सधैं बैंकहरूलाई सुन बिक्री गर्दैन । तर, मुलुकलाई आवश्यक पर्‍यो भने राष्ट्र बैंकले उद्योग वाणिज्य मन्त्रालयसँग समन्वय गरेर विदेशबाट ल्याउने व्यवस्था मिलाइदिने छ । यो सुन प्रकरणमा हालसम्म २३ जना पक्राउ परेका छन् ।

पत्रिका ढिलो आएमा वा कुनैपनि समाचार, सूचना प्रकाशन गर्नुपरेमा सम्पर्क गर्नुहोस् । पाठकवर्गमा पर्न गएको असुविधाकालागि हामी क्षमाप्रार्थी छौं ।

सिन्धुली सौगात दैनिक पत्रिका, सम्पर्क: ९८१२०१६४०२

# सुनकाण्डमा प्रचण्डका विकल्पः आरोपित जोगाउने या राजनीतिक मूल्य !

विजय देवकोटा

दोस्रो जनआन्दोलन यता नेपालमा भएका संगठित आर्थिक अपराधमा नेकपा (माओवादी केन्द्र) का नेता/कार्यकर्ता नमुछिएको सन्दर्भ कमै छ । झण्डै दर्जन संगठित आर्थिक अपराधमा संलग्न भएको आरोप भोगिरहेको माओवादी जनमतबाट तिरस्कृत हुने क्रम जारी छ । जनमतबाट जति जति टाढा, आर्थिक अपारदर्शीतामा उति उति नजिक हुने प्रवृत्तिले माओवादीलाई कमजोर मात्र होइन, जीर्ण बनाउँदैछ ।

सशस्त्र विद्रोह ताका चन्दा असुलीमा कुख्यात माओवादी शान्तिप्रकृयामा झन् हौसियो । आर्थिक घरानाहरूसम्म राज्यको निगरानी बिना नै पहुँच राख्न सक्ने भयो । संसद र सरकारकै हिस्सेदार हुन पाएपछि त चन्दा असुलीमात्रै होइन, आफैंले भन्ने गरेको 'दलाल/नोकरशाही पूँजीपति वर्ग' सँग उनीहरूकै धन्धामा माओवादी अन्तरघुलन भयो । अनि शुरु भयो : माओवादीको संगठित आर्थिक अपराध यात्रा !

यो यात्रामा पदप्रदर्शक व्यापारीहरूलाई सत्तासीन माओवादीले जोगायो । अपराधको सारथी माओवादी नेताहरूलाई व्यापारीले कुस्त बनाइदिए । माओवादीले हिजो देखेका दलाल पूँजीपतिहरू अब राज्य र नीति निर्माणमा माओवादीकै सारथी भए । पुराना राजनीतिक शक्तिहरू यही दलदलमा फसेकै थिए ।

**जनमतमा पहिरो**

सशस्त्र विद्रोहमार्फत मूलधारको राजनीतिमा उदाएको माओवादीसँग झण्डै आधा जनसंख्यालाई निरपेक्ष गरिबीबाट सधैंका लागि बाहिर निकाल्ने राजनीतिक कार्यक्रम र निर्देश थियो । तर, लगभग सत्ता यात्राको दुर्व्यसनमा माओवादी भुलेपछि यतिखेर गरिबी निवारणको गति उल्टो छ । परिवारहरूमा गरिबी त घटेको छ, तर घरमूलीले मरुभूमिमा बालुवा चालुञ्जेल ।

वैदेशिक रोजगारीले विघटन गरिरहेका आर्थिक/सामाजिक/सांस्कृतिक मूल्य ठूलो छ । फलतः युद्ध मार्फत जनताबीच निर्माण गरेको माओवादीको जगमा नै पहिरो आएको छ ।

जारी शताब्दीको दोस्रो इनिङमा माओवादी आन्दोलन र नेपाली समाजका केही महत्वपूर्ण मूल्यमा एकसाथ बदलाव देखियो । राजनीतिक अस्थिरता र बेइमानीका कारण विघटित मूल्यको चुक्ता यही कालखण्डमा उदाएको माओवादीले गर्दैछ : राजनीतिक क्षयीकरण भोगेर । पार्टीले निरन्तर क्षति भोगे पनि माओवादी नेताहरूले भने राजनीतिक आन्दोलन र समाजले गुमाएको मूल्य एकसाथ कुम्ल्याउँदैछन् । सुनकाण्डमा माओवादी आन्दोलनकै नेताहरूको 'धेरै सम्भावित संलग्नता' पनि एक यथार्थ हो ।

***'जनयुद्ध' बाट 'धनयुद्ध' मा छलाङ***

माओवादी अध्यक्ष प्रचण्डले निकै धेरै प्रयोग गर्ने शब्द हो, छलाङ । उनी हरदम छलाङ मार्ने कुरा गरिरहेका हुन्छन् । माओवादीकै भाषामा 'जनयुद्ध' सकिएपछि उसका नेताहरू 'धनयुद्ध' मा लिप्त भएको लुकेको छैन । यो नै उनको नेतृत्वमा नेपाली समाजले देखेको सबैभन्दा पछिल्लो छलाङ हो ।

जतिसुकै ठूला आर्थिक घोटालामा सत्तालिप्साका कारण कारबाही हुनबाट अहिलेसम्म जोगिइरहे पनि नेता र कार्यकर्ताकै आर्थिक आचरणका कारण माओवादी बदनाम हुने मात्रा झनै बढिरहेको छ । केही वर्ष पहिले नेताहरूको आलोचना गर्दा नागरिकमाथि खनिइने माओवादी कार्यकर्ताहरू अहिले यति आत्मरक्षात्मक देखिन्छन् कि आफू जोगिइन जनताले लगाएको आरोपमा सही थाप्नु बाहेक अरू विकल्प छैन ।

हतियार बिसाउनासाथ माओवादी नेताहरूको आर्थिक अपराध शुरु भएको थियो । सबैभन्दा पहिले राजधानी लगायत शहरी क्षेत्रमा मोही उचाल्ने र जग्गा कब्जा गर्ने अभियानमा माओवादी लाग्यो । पञ्चायती व्यवस्था र अझ त्यसभन्दा अघिदेखि नै कायम भूमिसम्बन्धी समस्या (विशेषतः जमिनको स्वामित्व) मा माओवादीले विद्रोहमार्फत आर्जन गरेको अर्धफौजी शक्ति मिसायो ।

वाइसीएलले ठाउँठाउँका जग्गा कब्जा गर्‍यो । धेरै जग्गाधनीले माओवादीलाई रकम बुझाएर जग्गा क्लियर गरे । माओवादीको आश्वासन पाएका मोही हिस्सिए । मोहीको हकमा आएको जग्गामा माओवादी नेताहरूले गर्नुसम्म रजाइँ गरे । त्यहाँ पनि जमिन खन्ने र जोत्नेहरू माथि माओवादीले शोषण गर्‍यो । यही बेइमानीका कारण माओवादीसँग शहर र नगरोन्मुख क्षेत्रका कृषि मजदुर र श्रमिकहरू सधैंका लागि टाढिए ।

***माओवादीमा यौनवर्द्धक यार्साको शक्ति***

माओवादीलाई क्षति पुर्‍याउनेगरी यसका नेताहरूले गरेको अर्को धन्दा यौनवर्द्धक हिमाली जडिबुटी यार्सागुम्बा लुटपाट थियो । माओवादीका तत्कालीन डिभिजन कमाण्डर कालीबहादुर खाम 'विविध' यस्तै गतिविधिमा संलग्न एक नेता हुन् ।

खाम सहितको माओवादी समूहले २०६७ असारमा गोंगबुस्थित नवमित्र गेष्ट हाउसमा बसेका तीन जना चिनियाँ नागरिकलाई यार्सागुम्बा बेच्ने भन्दै लुटेको थियो । खामले शक्तिकै आडमा उन्मुक्ति पाए । खाम कोटेश्वरका व्यापारी रामहरी श्रेष्ठको हत्यामा पनि संलग्न रहेको पुष्टि भैसकेको छ । खाम एक पात्र भए पनि यार्सागुम्बा लगायत जडिबुटी तस्करी र लुटपाटको नेक्ससमा माओवादी शीर्षस्थ नेताहरू नै संलग्न रहेको तथ्य छिपेको छैन ।

***जनसेनाको चेक जफत !***

जमिन र जडिबुटीपछि माओवादी फर्जी जनसेना प्रकरणमा मुछियो । त्यत्तिले नपुगेर बहिर्गमित लडाकुलाई राज्यले दिएको चेक लुट्नेसम्मका काममा माओवादी नेतृत्व संलग्न भयो । सो प्रकरण पनि अहिले उजुरी या मुद्दाकै रूपमा नियमनकारी न्यायिक निकायमा छ । तर, सत्तासीन माओवादीले ती मुद्दा फर्स्योट हुन रोकिरहेको अर्को नछिपेको मामिला हो ।

***जंगलको दोहोलो***

यत्तिले नपुगेर नदीनाला र जंगल दोहन गर्दै आफ्नो आर्थिक हैसियतलाई अति छिटो उत्थान गर्न माओवादी नेताहरूले भरमग्दुर गरे । २०६३ यता देशका नदीनाला दोहन यत्ति बढ्यो कि, त्यसले चुरेभन्दा तलको क्षेत्रमा पानीको हाहाकार नै निम्त्याएको छ ।

माओवादीकै प्रत्यक्ष/परोक्ष संलग्नता र संरक्षणमा मनलाग्दी उत्खनन् भएका पहाडका खोलानालाले ठूला पहिरो निम्त्याएका या निम्त्याउने क्रममा छन् । पूर्व झापादेखि पश्चिम दार्चुलासम्म यही अवधिमा व्यापक वन फँडानी भएको छ ।

सरकारले झाडी र बुट्यान गनेर वन क्षेत्र बढेको आंकडा दिइरहँदा ती क्षेत्रमा सयौं वर्ष लगाएर हुर्काइएका साल, सिसौ र खयर लगायत 'हार्ड उड'हरू सखाप पारिएको छ । कैलालीको मसुरिया वन क्षेत्र फँडानीमा माओवादीका नेताहरूको संलग्नता यसैको उदाहरण हो । मसुरिया वनलाई त पश्चिमका माओवादी नेताहरूले विद्रोहकालमै बलियो आर्थिक स्रोत बनाएका थिए ।

***जनताको बेहाल***

यसबीच माओवादीले लगभग 'राजनीतिक अपराध'कै शैलीमा नागरिकलाई विदेसिन बाध्य पार्‍यो । शासन व्यवस्था र जनताको अवस्था फेर्ने उद्घोषसाथ काठमाडौं उत्रिएका माओवादी नेताहरूले आफ्नो अवस्था फेरे । तर, जनताको अवस्था झन् कमजोर हुँदैछ । माओवादी नै उपस्थित भएको राज्य संयन्त्रले गरिबी घटेको र रोजगारी बढेको फर्जी तथ्यांक अद्यावधिक त गरिरहेको छ । तर, देशभित्रै कति युवाले रोजगारी पाए, कति लाख युवा व्यवसायमा जोडिए या काम खोज्दै युवा विदेसिने दर वर्षेनी कति घट्यो भन्ने जवाफ माओवादी नेतृत्वको सत्तासँग छैन । यो जवाफ त देश छाड्न त्रिभुवन विमानस्थलमा दिनहुँ लाइन लागिरहेका हजारौं युवाहरूको ताँतीले देखाउँछ ।

देश छाड्नेको ताँतीले यतै बसिरहेकाहरूको मन रुवाइरहेछ । तर, माओवादी नेताहरूको मन रुँदैन । बरु, यो उनीहरूका लागि धन्धा हो । माओवादी सेनाका पूर्व डेप्युटी कमाण्डर एवम् देशको पूर्वराष्ट्रपति भैखाएका नन्दकिशोर पुन पासाङपुत्र दीपेश पुन उदाहरण हुन् । मलेसिया जाने कामदारको स्वास्थ्य परीक्षण र बायोमेट्रिक गर्ने संस्था भीएलएनको काम अर्को बिचौलिया समूहलाई दिलाउन उनले जे गरे-त्यो जगतको नजरबाट छिपेको छैन । माओवादीकै पूर्वनेता टोपबहादुर रायमाझी त भुटानी शरणार्थीका नाममा आफ्नै देशका नागरिकलाई अनागरिक बनाउनेगरी बेच्ने शरणार्थी काण्डमा मुछिएर अहिले जेल पुगेका छन् ।

***पाताल पुर्‍याउने पाँचौं 'ज'***

जमिन, जडिबुटी, जंगल हुँदै जनतासमेत बेच्न कस्सिएको माओवादीलाई यतिखेर अर्को 'ज' ले चाहिँ पातालमै पुर्‍याउन खोज्दैछ । त्यो 'ज' अर्थात् अंग्रेजी शब्द 'ज्वेलरी' । ज्वेलरी अर्थात् गहना । गहना अर्थात् सुन । यही सुनकाण्ड माओवादी नेतृत्वका लागि उतार्ने या डुबाउने प्रकरण बनिरहेको छ ।

जबरजस्ती करणीमा मुछिएर जेल बसेका माओवादी उपाध्यक्ष कृष्णबहादुर महरा नै पछिल्लो 'ज्वेलरी काण्ड' अर्थात् सुन तस्करी प्रकरणमा मुछिएका छन् । २०७९ पुस १० गते दुबईबाट विद्युतीय चुरोटको स्वरूपमा लुकाएर ल्याइएको ९ किलोग्राम सुन तस्करीमा पूर्वसभामुख तथा माओवादी उपाध्यक्ष महरा र उनका छोरा राहुल महरा संलग्न रहेको किटानी भैसकेको छ । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइबी) र सरकारी वकिल कार्यालयले नै सो सुन तस्करी प्रकरणमा महरा बाबुछोरा संलग्न रहेको जनाइसकेको छ ।

पक्राउ परेको सुन छुटाउन महराले २२ पटक र उनका छोरा राहुल महराले २३४ पटक तस्कर गिरोहसँग टेलिफोन सम्वाद गरेको खबर सार्वजनिक हुँदा पनि माओवादी पार्टी अध्यक्ष एवम् प्रधानमन्त्री प्रचण्डले उनीहरूलाई कारबाही प्रकृयामा तान्न सकेका छैनन् । पार्टीकै साख धुमिल हुँदा पनि प्रचण्डले अझैसम्म मौनता साँधेका छन् । बरु, मिडिया खपतका लागि माओवादी पार्टीका कार्यकर्ताले 'प्रचण्डले जेल बस्न भनिसके' जस्ता प्रोपोगण्डा फैलाइरहेका छन् ।

९ किलो सुन प्रकरणमात्र होइन, त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल भन्सारबाट जाँचपास गरेरै बाहिर ल्याइएको झण्डै एक क्वीन्टल सुन प्रकरणमा पनि माओवादी उपमहासचिव वर्षमान पुन र उनको परिवार आरोपित छ । महरालाई झैं पुनलाई पनि सरकारको नेतृत्व गरिरहेको माओवादी र त्यसका अध्यक्ष प्रचण्डले उन्मुक्ति दिने सम्भावना बढेको छ । प्रत्यक्ष जनमतको परीक्षामा बारम्बार पछारिएका अर्का उपाध्यक्ष एवम् गृहमन्त्री नारायणकाजी श्रेष्ठलाई पार्टीका नेता कारबाहीमा पर्नेगरी छानबिन अघि नबढाउन बालुवाटार र पेरिसडाँडाले दबाब दिइरहेको बुझ्न गाह्रो छैन । पार्टीमा बलियो आधार नभएकै कारण पाएको मन्त्री पद जोगाउन उनी 'जसोजसो बाहुन बाजे उसैउसै स्वाहा' गर्न बाध्य छन् ।

जनमतले तिरस्कार गर्ने मात्रा बढिरहँदा अस्तित्व रक्षा निम्ति जसरी पनि सत्तामै टाँस्सिनै पर्ने बाध्यतामा पुगेको यो दलले निकट आरोपितहरूलाई पनि उसरी नै जोगाइरहेको छ । यस्तै कर्म दोहोर्‍याइरहेको माओवादी अहिले न एक्लै चुनाव लडेर दोहोरो अंकमा सिट जोड्ने हैसियतमा छ, न त बलियो प्रतिपक्षी बनेर बस्ने औकात राखेको छ ।

वि.सं. २०६४ सालमा भएको पहिलो संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ दुई तिहाइ सिट जितेको माओवादीको हालत अहिले जस्तो छ, प्रचण्ड लगायत माओवादी नेताहरूको करिस्मा पनि उसैगरी धुमिल हुँदैछ । माओवादीले भन्ने गरेका जनताहरू बरु विद्युतीय सामाजिक सञ्जालमा अन्टसन्ट बोल्ने कोही प्रचारवाजलाई नेता मान्न तयार छन्, तर प्रचण्डलगायत नेताहरू संसदीय चुनावमा समेत सुरक्षित निर्वाचन क्षेत्र खोज्दै कुद्नुपर्ने अवस्था निम्तिएको छ । १७ हजारभन्दा धेरै मानिसको ज्यान गएको युद्धबाट स्थापित विद्रोही नेतृत्व १७ वर्षमै यो हालतमा खस्नु विश्वकै राजनीतिक इतिहासको दुर्दान्त हो ।

यो दुर्दान्तबाट माथि उठ्न माओवादीले एउटा अवसर पाएको छः सुनकाण्डमा संलग्न जो सुकै संगठित अपराधीलाई कारबाही गर्ने । नागरिक, राज्य र कानूनको धज्जी उडाउनेहरू जतिसुकै नजिक भएपनि दण्डित गरिहाल्ने र पार्टीलाई शुद्धीकरणतर्फ लैजाने । राज्य सञ्चालनमा स्वार्थ त्याग्ने र जनताको पीडामा मल्हम लगाउन कुद्ने । माओवादी पनि वास्तवमा असल शक्ति बन्न सक्छ भन्ने स्थापित गर्नतर्फ लाग्ने । समष्टिमा सुनकाण्डमा प्रधानमन्त्री प्रचण्डसँग दुईवटा विकल्पमात्रै छन् । राजनीतिक मूल्य जोगाउने या आरोपित जोगाउने ! प्रचण्डले यतिखेर माओवादी आन्दोलनको राजनीतिक मूल्य जोगाउने अन्तिम अवसर पाएका छन् । यो अवसर उनलाई फेरि सायदै प्राप्त होला । संगठित अपराध आरोप लागेका नेताहरूलाई उनले अहिले त जोगाउन सक्लान्, तर कानूनको लामो हातले आफ्नै कद छोटो बनाएका माओवादीका विवादास्पद नेताहरूको कठालो जुनसुकै बेला समात्न सक्छ । ***आर्थिक न्यूजबाट साभार।***

## स्वास्थ्य र जीवनशैली

# श्रीमान् श्रीमतीको सम्बन्धमा दरार ल्याउने पाँच बानी

तपाईं आफ्नो विवाह वा परिवारभन्दा बढी सोसल मिडिया वा स्मार्ट फोनलाई बढी ध्यान दिनुहुन्छ ? वा तपाईंहरु बीच कुनै कुरा लुकेको छ वा तपाईंले केही ठुलो वा महँगो कुरा आफ्ना पार्टनरसँग सरसल्लाह नगरीकन किन्नुभएको छ भने यस्ता बानीले तपाईंको विवाह बरबाद गर्नसक्छ । यहाँ आज हामी तपाईंलाई यस्ता केही गल्तीबारे जानकारी दिँदै छौं जसले श्रीमान् श्रीमतीको सम्बन्धलाई बिगार्न सक्छ ।

कुनै कुराको लत लाग्नु :- एभरीडेहेल्थका अनुसार यदि तपाईंलाई सोसल मिडिया, मदिरा, ड्रग, सपिङ, जुवा आदिको लत लागेको छ भने यसले तपाईंको विवाहमा दरार निम्त्याउन सक्छ । यस्तो स्थितिमा तेस्रो व्यक्ति तपाईंको सम्बन्धमा निकै सजिलै प्रवेश हुन सक्छन् र विवाहमा धोकाको परिस्थिति निम्तिन सक्छ । यति मात्रै होइन, यदि तपाईं रातदिन फोनमा झुण्डिरहनु हुन्छ भने पनि यसले तपाईंको वैवाहिक सम्बन्धलाई लामो समय टिक्न दिँदैन ।

कुरा नगर्नु :- यदि तपाईंहरू बीचको कुराकानी हरेक पटक झगडामा परिणत भयो भने, यो चेतावनी चिन्ह बन्न सक्छ । तपाईंहरुले एक अर्काको कुरा शान्तिपूर्वक सुन्न थाल्नु भयो भने र राम्रो वातावरणमा राम्रो भाषा प्रयोग गर्नुभयो भने बिग्रिएको कुरा पनि बन्न सक्छ । यो गाह्रो छ, तर धेरै आवश्यक छ ।

पार्टनरलाई शत्रु ठान्नु :- तपाईंको कुनै दिन राम्रो नहुन पनि सक्छ । यसका लागि पार्टनरलाई गलत नदेखाउनुहोस् । त्यसैले झगडा गर्नुको साटो आफ्नो केयर गर्नुहोस् र पार्टनरलाई तपाईंको दिन खराब भएको र केही स्पेस चाहिएको जानकारी दिनुहोस् ।

आफूहरू बीच कुनै तेस्रो व्यक्तिलाई ल्याउनु :- आमाबाबु वा दाजुभाइसँग धेरै नजिक भए पनि श्रीमान-श्रीमतीबीचको झगडामा तेस्रो व्यक्ति ल्याउने प्रयास गर्नुभयो भने यसले तपाईंबीचको समस्या घटाउने होइन बढाउने काम गर्छ ।

स-सानो कुरामा बहस :- स-सानो कुरामा अल्झिएर झगडा गर्न थाल्नुभयो भने यसले सम्बन्धमा तिक्तता निम्त्याउँछ । तपाईंहरु बीचको सम्बन्ध राम्रो होस् भन्ने चाहनुहुन्छ भने एक अर्कामाथि विश्वास गर्नुहोस् र यस्ता खराब बानीहरू त्यागेर सम्बन्धलाई जोगाउने प्रयास गर्नुहोस् ।

# मनोरञ्जन समाचार

## फिल्म प्रचारको थलो बन्दै कलेज

■ सिन्धुली सौगात

काठमाडौँ - फिल्म बनाउनभन्दा कठिन हुन्छ फिल्म बेच्न । अर्थात् चलाउन । लक्षित दर्शकसम्म फिल्मबारे जानकारी पुऱ्याउन अहिले सानोतिनो खर्च, मिहिनेत र समयले पुग्दैन । त्यसका लागि केही फरक शैलीको प्रचार अपनाउनुपर्ने हुन्छ । केही समययता नेपाली फिल्मको प्रचार गर्ने थलो कि टीभी रियालिटी शो कि त कलेज बनिरहेको छ । कलेजका विद्यार्थी फकाएर हलमा तान्ने ध्येय मेकरहरुको छ ।

यसैक्रममा, आगामी भदौ ८ गतेबाट प्रदर्शन हुन लागेको फिल्म 'जय हो'ले पनि प्रचारका लागि कलेज रोजेको छ । सोमबार बिहान कालोपुलस्थित जेभियर इन्टरनेशनल कलेज पुगेर अभिनेता सलोन बस्नेत, अभिनेत्री केकी अधिकारी र प्रस्तुतकर्ता शोभित बस्नेतले फिल्म हेर्न निम्तो दिनुभयो । पर्दामा हेर्दै आएका कलाकारलाई आमनेसामने देख्दा कलेजका विद्यार्थीहरु सेल्फी खिच्न भुम्मिएका थिए ।

निर्माता शोभित बस्नेतले फिल्ममा प्रेमकथा रहेकाले कलेजमा प्रचार गरेको बताउनुभयो । "हामी कलेज-कलेजमा पुग्नुको कारण फिल्ममा प्रेमकथा पनि छ, जुन अहिलेको युवापुस्तालाई निकै मनपर्छ । यो भन्दैमा हाम्रो टार्गेट कलेजका विद्यार्थी मात्र होइनन्, परिवार पनि हुन् । हजुरआमादेखि नाती-नातिना सबैले एकैचोटी फिल्म हेर्न सक्छन् । फिल्ममा त्यसखालको फेमिली ड्रामा पनि छ," उहाँले भन्नुभयो ।

टेक पौरखी राई निर्देशित 'जय हो'मा अर्पण थापा, माओत्से गुरुङ, निशा अधिकारी, अर्पण थापा, सुमिन गुरुङ, सुशान्त श्रेष्ठको पनि अभिनय छ । फिल्ममा सुरेश न्यौपानेको कथा लेखन, सौरभ लामाको छायांकन, कविराज गहतराज र रामजी लमिछानेको कोरियोग्राफी, सम्राट बस्नेतको द्वन्द्व निर्देशन, बनिश शाहको सम्पादन, शम्भुजीत बास्कोटा र सागर आले मगरको संगीत छ ।

## स्थापित र यादव एमालेबाट बिदा, मणिलाई स्पष्टीकरण !

■ सिन्धुली सौगात

काठमाडौँ - नेकपा एमालेले दुई जना नेतालाई पार्टीबाट बिदा गरेको छ । त्यस्तै एक जना स्थायी कमिटी सदस्यलाई केही दिनमै हटाउने एमालेको तयारी गरेको छ ।

सोमबार बसेको नेकपा एमाले केन्द्रीय सचिवालय बैठकले पूर्वमन्त्री र प्रदेश सभा सदस्य समेत रहनुभएका केशव स्थापित र केन्द्रीय सदस्य प्रमोदनारायण यादव (सिराहा)लाई पार्टीबाट हटाएको हो ।

स्थापित २०७९ को निर्वाचनमा एमालेका तर्फबाट काठमाडौँ महानगरपालिकाको मेयर पदमा उम्मेदवार बन्नुभएको थियो । स्थापित र यादवले पार्टीमा सक्रिय हुन नसक्ने मौखिक जानकारी दिएपछि उहाँहरूलाई पार्टीले बिदा गरेको उपाध्यक्ष सुवास नेम्वाङले बताउनुभयो । पार्टीमा रहेर पनि सक्रिय नहुने नेताहरूलाई क्रमशः हटाउँदै जाने नीति अनुसार दुई जना नेतालाई सोमबारको सचिवालय बैठकले निर्णय गरेर हटाएको हो ।

त्यस्तै पूर्वमन्त्री समेत रहनु भएका माओवादी पृष्ठभूमिका स्थायी कमिटी सदस्य मणि थापालाई स्पष्टीकरण सोध्ने निर्णय गरेको एमालेका एक नेताले जानकारी दिए । "लामो समयदेखि पार्टी कमिटीमा रहेर पनि कुनै पनि काममा नलाग्नेहरुलाई छाँट्दै जाने नीति पार्टीको छ । सोही अनुसार सक्रिय हुन नसक्नेहरूलाई बिदा दिने निर्णय भएको हो", एमालेका एक पदाधिकारीको भनाइ छ ।

ती पदाधिकारीका अनुसार स्थायी कमिटी सदस्य थापाको हकमा एकपटक स्पष्टीकरण सोधेपछि निर्णयमा पुग्ने निर्णय सचिवालयले गरेको छ । सचिवालय बैठकले २ जना नेतालाई केन्द्रीय कमिटीबाट बिदा गरेर अरू दुईजना केदार न्यौपाने र छक्कबहादुर लामालाई केन्द्रीय सदस्यमा थप्ने निर्णय गरेको उपाध्यक्ष सुरेन्द्र पाण्डेले जानकारी दिनुभयो ।

# खेल समाचार

## अब क्रिकेटमा पनि रेड कार्ड

■ सिन्धुली सौगात

काठमाडौँ - अब क्रिकेटमा पनि 'रेड कार्ड' को प्रयोग हुने भएको छ । वेस्ट इन्डिजको क्यारेबियन प्रिमियर लिग (सीपीएल) २०२३ मा रेड कार्डको यस्तो नयाँ नियम आउने भएको हो ।

सीपीएलको पुरुष तथा महिला दुवै प्रतियोगितामा 'रेड कार्ड' को प्रयोग गरिने जनाइएको छ । यदि कुनै टिमले तोकिएको समयभित्र आफ्नो कोटाको २० ओभर पूरा नगरेमा 'स्लो ओभर रेट' अन्तर्गत यो नियम लागू हुनेछ । आउँदो बिहीवारदेखि शुरु हुने प्रतियोगिताम‍ा यो नियम पहिलो पटक प्रयोग हुन लागेको हो ।

सीपीएलका प्रतियोगिता सञ्चालन निर्देशक माइकल हललेे पछिल्लो समय टी-ट्वान्टी क्रिकेटको अवधी बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न 'रेड कार्ड' को नियम लागू गरिएको बताउनुभयो ।

सीपीएलको नियमअनुसार १८ औँ ओभरको खेल शुरु हुनुभन्दा अगाडि 'स्लो ओभर रेट' देखिएका फिल्डिङ टोलीको एक अतिरिक्त खेलाडीलाई ३० यार्डको घेरामा बोलाइनेछ । यसो हुँदा ३० यार्डभित्र ५ जना खेलाडी हुनेछन् ।

यसैगरी १९ औँ ओभरको खेल शुरु हुनुभन्दा अगाडि 'स्लो ओभर रेट' देखिएमा फिल्डिङ टोलीको २ अतिरिक्त खेलाडीलाई ३० यार्डको घेरामा बोलाइनेछ । यसो हुँदा ३० यार्डभित्र ६ जना खेलाडी हुनेछन् ।

यसैगरी २० औँ ओभरको खेल शुरु हुनुभन्दा अगाडि 'स्लो ओभर रेट' देखिएमा फिल्डिङ टोलीको १ जना खेलाडीलाई मैदान बाहिर पठाइनेछ । बाहिर को खेलाडी जाने भन्ने कप्तानले चुन्नेछन् । यस्तै सर्कलभित्र ६ जना खेलाडी रहनेछन् ।

खेल सधैँ फिल्डिङ गर्ने टिमका कारण मात्रै लम्बिँदैन । कहिलेकाहीँ ब्याटिङ गर्ने टिमका कारण पनि खेल लम्बिने गर्छ । यस्तो अवस्थामा अम्पायरले पहिलो तथा अन्तिम चेतावनीपछि ब्याटिङ गर्ने टिमले बदमासी गरेको पाएमा जरिवाना स्वरूप ५ रन घटाउने छन् । कुनै पनि टी-ट्वान्टी खेलमा एक पारी ८५ मिनेटको हुन्छ । नियमअनुसार १७ औँ ओभर ७२ मिनेट १५ सेकेन्ड, १८ औँ ओभर ७६ मिनेट ३० सेकेन्ड, १९ औँ ओभर ८० मिनेट ४५ सेकेन्ड र २० औँ ओभर ८५ मिनेटभित्र पूरा हुनुपर्छ ।

## सिन्धुलीमा...

कमलामाई नगरपालिका ४ स्थित कमला मावि मा बाली विज्ञान, कमलामाई नगरपालिका ५ स्थित जनज्योति मावि फोस्रेटारमा बाली विज्ञान तथा पशु विज्ञान, कमला जनज्योति मावि सिलामेमा वन विज्ञान, कमलामाई नगरपालिका ४ स्थित बरुणदेवि मावि मा पशु विज्ञान, कमलामाई नगरपालिका ७ स्थित गडौली मावि मा जियोमेट्रिक इन्जिनियरिङ, कमलामाई नगरपालिका ६ स्थित शिद्धबाबा मावि पानीट्याङ्कीमा कम्प्युटर इन्जिनियरिङ, गोलन्जोर गाउँपालिका ७ स्थित जनज्योति मावि खुर्कोट र तिनपाटन गाउँपालिका ११ स्थित मावि लामपान बतासेमा सिभिल इन्जिनियरिङ र सिन्धुली सामुदायिक टेक्निकल इन्स्टिच्युटमा सिभिल इन्जिनियरिङ तथा पशु विज्ञानका कार्यक्रम हरु संचालन हुदै आएको छ ।

प्राविधीकशिक्षा संचालन हुने क्रम बढेपनि प्राविधीक विषयमा विद्यार्थीको आर्कषण भने खासै देखिदैन । प्राविधिकशिक्षा संचालन भएका विद्यालयहरुमा विद्यार्थी संख्या कोटा अनुसार नभएको शिक्षा बिकास तथा समन्वय इकाई सिन्धुलीका प्रमुख निर्मल घिमिरेले जानकारी दिनुभयो । परिक्षा प्रणालीमा ढिलाई हुनु तथा प्राविधिक शिक्षा प्रयोगात्मक हुनुपर्ने भएपनि प्रयोगात्मक शिक्षा कम भएका कारण पनि विद्यार्थी संख्यामा कमी आएको उहाँले बताउनुभयो । सुरु सुरुमा प्राविधिक शिक्षा अध्ययन गराउनको लागि विद्यालय बिच प्रतिष्पर्धा जस्ते भएपनि अहिले प्राविधिक शिक्षा अध्यनको अनुमती पाएका धेरै विद्यालय हरुमा बन्दको अवस्थामा छन् ।

१ सय ४४ जनाको कोटा रहेको मावि सिलामेमा अहिले ५५ जना विद्यार्थी मात्रै वन विज्ञानमा अध्यनरत छन् । यस बर्ष नयाँ भर्नाको लागि विद्यार्थीनै नआएको विद्यालयका प्रधानाध्यापक विष्णु फूयालले जानकारी दिनुभयो । शिद्धबाबा मावि पानीट्याङ्कीले यस बर्ष बाट सिटिइभिटि संग अनुमती प्राप्त गरि सिभिल इन्जिनीयरिङ पढाई सुरु गरेको छ । तर सिभिल इन्जिनीयरिङमा भर्ना हुनेको संख्या भने न्युन रहेको छ । अहिले २८ जना विद्यार्थी मात्रै भर्नाको लागि अएको विद्यालयका प्रधानाध्यपक टोम प्रसाद काफ्लेले जानकारी दिनुभयो । उहाँका अनुसार प्राविधिक तर्फको परिक्षा प्रणाली ढिलाई हुनु, रोजगारीको ग्यारेन्टि नहुन तथा निम्न बर्गीय परिवारका बालबालिका प्राविधीक शिक्षाको पहुँचमा नपुग्नुका कारण पनि प्रविधिक शिक्षामा विद्यार्थीको संख्या न्युन रहेको छ ।

जनज्योति मावि फोस्रेटारमा १ सय ९९ जना मात्रै विद्यार्थी रहेको प्रधानाध्यपक योगेन्द्र प्रसाद अधिकारीले जानकारी दिनुभयो । पछिल्लो समय प्राविधिक पढ्ने विद्यार्थीमा कमी आएको उहाँको भनाई छ । सिन्धुली सामुदायिक टेक्नीकल इन्स्टिच्युटमा सिभिल इन्जिनीयरिङ तर्फ १ सय ३२ जना र पशु विज्ञान तर्फ ९० जना विद्यार्थी मात्रै अध्यनरत रहेको शिक्षक सन्तोष सापकोटाले जानकारी दिनुभयो । नयाँ भर्नामा समेत अघिल्लो बर्षहरुको तुलनामा विद्यार्थी संख्या नभको उहाँको भनाई छ ।

प्राविधिक तर्फको कार्यक्रम अन्तर्गत डिप्लोमा तह ३ बर्षको हुन्छ । सिटिइभिटिको परिक्षा र नतिजा आउदा लगभग ४ बर्ष सकिन्छ ।

# अन्तर्राष्ट्रिय समाचार

## विपद्‌जन्य घटनामा २१ जनाको मृत्यु

■ सिन्धुली सौगात

एजेन्सी - भारतको हिमाञ्चल प्रदेशमा वर्षासँग सम्बन्धित विपद्‌जन्य घटनामा परी २१ जनाको मृत्यु भएको छ । पछिल्लो २४ घण्टा यता हिमाञ्चल प्रदेशका विभिन्न स्थानमा आएको बाढी र पहिरोका कारण अहिलेसम्म २१ जना भन्दा बढीले ज्यान गुमाएका हुन् । २१ जनाको मृत्यु हुनुका साथै सयौँ नागरिकहरु बेपत्ता भएको हिमाञ्चल प्रदेशका मुख्यमन्त्री सुखविन्दर सिंह सुखुले बताउनुभयो । उहाँले प्रभावित क्षेत्रको अवस्थाबारे समेत जानकारी लिनुभएको थियो ।

स्थानीय अधिकारीहरुका अनुसार सिमलाको समर हिल क्षेत्रमा रहेको शिव मन्दिरमा पहिरोमा परी पाँच जनाको मृत्यु भएको छ । साथै सो क्षेत्रमा अन्य केही व्यक्ति बेपत्ता भएको आशंका गरिएको छ । त्यस्तै सिमलाको फागलीमा पहिरोमा परी अन्य चार जनाको मृत्यु भएको बताइएको छ ।

त्यस्तै सोलान जिल्लामा चट्याङ पर्दा एकै परिवारका सात जनाको मृत्यु भएको छ भने मण्डीमा पहिरोले घर पुर्दा दुइ जनाको मृत्यु भएको छ । मण्डीको बम्बोला गाउँमा घर भत्किँदा दुई जनाको मृत्यु भएको छ भने सोलन जिल्लाको बलेरा गाउँमा पहिरोमा परी एक जनाको मृत्यु भएको छ ।

भारतको हिमाञ्चल प्रदेश मनसुन सुरु भएयता बढी प्रभावित बनेको छ । खराब मौसमका कारण सोमबार हिमाञ्चल प्रदेशका शैक्षिक संस्थाहरु बन्द गराइएको थियो ।


घ्याङलेख गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हायुटार, सिन्धुली

# शिलबन्दी दरभाउपत्र आव्हान सूचना !

*प्रथम पटक सूचना प्रकाशित मिति :- २०८०/०४/३१*

यस गाउँ कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालयहरु तथा विभिन्न शाखाहरुका लागि आ.व. २०८०/०८१ मा आवश्यक पर्ने कार्यालय स्टेशनरी तथा मसलन्द सामानहरु आवश्यक परेको हुँदा उक्त सामानहरु आपूर्ति गर्न इच्छुक ईजाजत प्राप्त घरेलु तथा साना उद्योग कार्यालय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भई मू.अ.करमा दर्ता भएका मसलन्द तथा कार्यालय सामाग्रीहरुको कारोबार गर्ने फर्म, उत्पादक तथा बिक्रेताहरुबाट प्रति एकाई दरमा खरिद गर्नु पर्ने भएकोले यस कार्यालयद्वारा तोकिएको समयमा के कति दररेटमा उपलब्ध गराउन सकिने हो ? यो सूचना प्रकाशन भएको १५ दिन भित्र तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. माथि उल्लेखित कार्यालयसँग सम्बन्धित मालसामान सम्बन्धी कार्य गर्ने इच्छुक दरभाउपत्रदाताहरुले मात्र दरभाउपत्र पेश गर्न सकिने छ ।

२. कार्यालयलाई आवश्यक पर्ने स्टेशनरी तथा मसलन्द सम्बन्धी मालसानहरुको सूची समाविष्ट भएको दरभाउपत्र फाराम यस कार्यालयको वेवसाइट www.ghyanglekhmun.gov.np मा डाउनलोड गरी राजश्व शाखाबाट रु १०००।- (अक्षेरुपी एक हजार मात्र) पछि फिर्ता नहुने गरी नगदै तिरी प्रोप्राइटर वा निजले अख्तियारी दिएको व्यक्तिद्वारा यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले पन्ध्रौं दिन भित्र खरिद गरी सोह्रौं दिनको अपरान्ह १२:०० बजेभित्र यस कार्यालयको सार्वजनिक खरिद इकाईमा दर्ता गराउनु पर्ने छ ।

३. दर्ता हुन आएको शिलबन्दी दरभाउपत्रहरु फर्म , सप्लायर्स वा निजको प्रतिनिधिको रोहवरमा सोह्रौं दिनको २:०० बजे यस कार्यालयमा खोलिने छ ।

४. दरभाउपत्रहरु खोल्ने समयमा सप्लायर्स वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पुगेको मानिने छैन ।

५. शिलबन्दी दरभाउपत्र फाराम खरिद, बुझाउने र खोल्ने अन्तिम दिन सार्वजनिका बिदा परेमा सोको लगत्तै भोलिपल्ट कार्यालय खुलेको दिनमा उक्त कार्य गरिने छ ।

६. शिलबन्दी खाम बाहिर स्पष्ट रुपमा दरभाउपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा आपूर्ति गर्ने कार्य उल्लेख गर्नुपर्ने छ ।

७. शिलबन्दी दरभाउपत्रसँगै जमानत बापत नगद रकम रु. ६०,०००।- (अक्षेरुपी साठी हजार मात्र) नेपाल एस विआइ बैङ्क शाखा कार्यालय हायुटारमा घ्याङलेख गाउँपालिकाको राजश्व खाता नं. ४३३२५२४०६०००१६ मा जम्मा गरेको सक्कल बैङ्क भौचर तथा वाणिज्य बैङ्कबाट ७५ दिन मान्य अवधि भएको बैंक जमानत पेश गर्नुपर्ने छ ।

८. शिलबन्दी दरभाउपत्रको साथमा फर्म/कम्पनी दर्ता तथा नविकरणको प्रतिलिपि, मूल्य अभिवृध्दि कर दर्ताको प्रमाण पत्र, करचुक्ता प्रमाणपत्र र स्वघोषणापत्र पेश गर्नुपर्ने छ ।

९. दरभाउपत्र खरिदकर्ताको पक्षबाट राखिएको कुनै शर्तहरु मान्य हुने छैन ।

१०. शिलबन्दी दरभाउपत्रदाताले दररेट उल्लेख गर्दा मू.अ.कर बाहेकको मूल्य उल्लेख गर्नु पर्ने छ ।

११. पेश भएको दरभाउपत्रहरु मध्ये तोकिएको स्पेसिफिकेशन बमोजिम सबैभन्दा कम दररेट कबोल गर्ने दरभाउपत्रदाता सँग खरिद सम्झौता गरिनेछ । सामानहरुको प्रकृतिको आधारमा फरक फरक दरभाउपत्रदाताहरु सँग पनि सम्झौता गर्न सकिने छ । खरिद गरिने मालसामानको सिमा अधिकतम २०(वीस) लाख भन्दा बढी हुनेछैन ।

१२. शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३. शिलबन्दी दरभाउपत्र सम्बन्धमा अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको खरिद ईकाइमा सम्पर्क राख्न सकिने छ ।

१४. यसमा उल्लेख नभएका अन्य कुराहरु विद्यमान कानुन बमोजिम हुनेछ ।

*प्रमुख प्रशासकीय अधिकृत*


# रोचक प्रसङ्ग

## एक महिनाको मोबाइल फोनको बिल २ करोड ६५ लाख

काठमाडौँ - कहिलेकाहीँ घरमा फोन तथा बिजुलीको बिल केही मात्र पनि धेरै आयो हामी सतर्क हुन्छौँ र अर्को महिनादेखि खपतमा नियन्त्रण गर्ने प्रयास गर्दछौँ । तर, अमेरिकाकी एक महिलाको मोबाइल फोनको मासिक बिल यतिधेरै आयो कि त्यो उनको काबुमा थिएन ।

सेलिना नामक ती महिलाको हालै एक महिनाको फोनको बिल २ लाख १ हजार अमेरिकी डलर अर्थात् झण्डै २ करोड ६५ लाख रुपैयाँको थियो । सेलिना र उनका दुईजना अपाङ्ग भाइहरुले प्रयोग गर्ने गरेका तीनवटा मोबाइल फोनको बिल बिल यतिधेरै उठ्दा उनले विश्वास नै गर्न सकिनन् ।

उनका दुईजना भाइहरुले फोनमा डाटा तथा मेसेजको खपत पर्याप्त गर्दथे । तर, यति हुँदाहुँदै पनि औषत रुपमा उनको मासिक फोनको बिल बढीमा डेढ सय डलर सम्म आउँथ्यो । त्यसैले एक्कासी २ लाख डलरभन्दा धेरैको बिल आउँदा उनले कम्पनीले भुलबस त्यस्तो बिल पठाएको भन्ने ठानिन् ।

फोनको बिल अविश्वसनीय आएसँगै उनले त्यसलाई सच्याउनका लागि आफ्नो मोबाइल फोन सेवा प्रदायक कम्पनी टी मोबाइलसँग सम्पर्क गरिन् । तर, कम्पनीले उक्त बिल सही रहेको जवाफ दियो ।

उनले आफूले २ लाख १ हजार डलरको बिल प्राप्त गरेको बताउँदा बताउँदै पनि कम्पनीले त्यसपछि उनको गुनासोलाई नजरअन्दाज गऱ्यो ।

त्यसपछि उनी स्थानीय मिडियाहरुको सहारा लिन पुगिन् । उक्त विषयमा मियामीको टेलिभिजन स्टेशन डब्ल्यूएसभिएन टिभीले जोडदार ढंगमा फलोअप गरिरह्यो । जसका कारण टी मोबाइल कम्पनी सेलिनाको बिल रकमलाई २ हजार ५ सय डलरमा झार्न तथा रकम भुक्तानीका लागि ६ महिनाको समय प्रदान गर्न राजी भयो । तर प्रश्न उठिरहेको थियो कि आखिर त्यो बिल सही थियो भने कसरी त्यतिधेरै रकम उठ्यो ?

वास्तवमा सेलिनाका दुईजना भाइहरु एक हप्ताका लागि क्यानडा गएको बेला अन्तराष्ट्रिय रोमिंग शुल्कका कारण उनीहरुले प्रयोग गरेको कल, डाटा तथा टेक्स्टका लागि यतिधेरै बिल उठेको रहेछ ।

वास्तवमा मोबाइल सेवा प्रदायक कम्पनीको सेवा खरिद गर्दा सेलिनाले विदेशमा फोन उपयोग गर्दा लाग्ने शुल्कका बारेका नियमहरु राम्रोसँग पढेकी थिइनन् ।

समाचार अनुसार सेलिनाका भाइहरुले एक हप्ता क्यानडामा रहँदा २ हजारभन्दा धेरै पटक अनलाइनमा मेसेज तथा डाउनलोड गरिएका भिडियोहरु पठाउने काम गरेका थिए । त्यसका लागि डाटा शुल्क मात्रै करिब २० हजार डलर लागेको थियो ।

त्यस्तै फोनकल, टेक्स्ट मेसेज, इन्टरनेट ब्राउजिंग र भिडियो डाउनलोडलगायतको शुल्कका कारण फोनको बिल २ लाख डलर नाघेको थियो ।

# ठूला घटनाको अनुसन्धान सुरु नहुँदै लरबरायो सरकार

**■ सिन्धुली सौगात**

काठमाडौं - वर्षौंदेखि थाती रहेका ठूला घटनाको फाइल खोल्ने बताएको वर्तमान सरकार लरबराउन थालेको छ। ललितानिवास जग्गा प्रकरण, नक्कली भुटानी शरणार्थी र सुन काण्डको छानबिनले जनताको मनमा विश्वासको बीजारोपण गरेको सरकार ठूला घटनाको फाइल नखोल्दै लरबराउन थालेको हो।

सरकारले सुरु गरेको घटना छानबिनको अन्तिम विन्दुसम्म पुगेको छैन। पुरानो अनुसन्धान नसिकिँदै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले गौर हत्यकाण्ड, दरबार हत्याकाण्ड र मदन-आश्रित हत्याकाण्डको छानबिन गर्ने बताउनु भएको थियो। तर, ती घटनाहरुको अनुसन्धान सुरु नगर्दै सरकारको खुट्टा काम्न थालेको छ।

गत २३ साउनमा गौर हत्याकाण्ड पीडित संघर्ष समितिसँग पाँच बुँदे सम्झौता गरेको सरकारले द्वैध चरित्र देखाएको छ। १७ वर्ष पुरानो घटनाको अनुसन्धान गरेर दोषीलाई कानुनी कठघरामा उभ्याउने सहमति गरेका पीडित पक्ष काठमाडौंबाट घर पुग्न पनि नभ्याउदै सरकार सहमतिबाट पछि हटेको छ।

गौर हत्याकाण्डको अनुसन्धान गरेर सत्यतथ्य बाहिर ल्याउने लिखित सहमति गरेका प्रधानमन्त्री प्रचण्डले सोमबार बसेको सत्ता गठबन्धनको बैठकमा गौर हत्याकाण्डमाथि कुनै पनि थप कदम नचाल्न अनौपचारिक सहमति जनाउनु भएको छ। गौर हत्याकाण्डको छानबिन गरे सत्तारुढ दल जनता समाजवादी पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिने धम्की दिएपछि प्रधानमन्त्री प्रचण्डले उक्त घटनामाथि कुनै छानबिन नगर्ने बताउनु भएको हो।

रौतहटको गौरमा २०६३ साल चैत ७ गते उपेन्द्र यादव नेतृत्वको तत्कालीन मधेशी जनअधिकार फोरम र तत्कालीन नेकपा माओवादीका कार्यकर्ताबीचको विवादले झडपको रूप लिदाँ २७ जनाको हत्या भएको थियो। त्यो विभत्स हत्यामा ५ महिला र २२ पुरुष परेका थिए। तिनीहरू माओवादी कार्यकर्ता थिए।

गौर घटना रोक्न तत्कालीन फोरमका अध्यक्ष यादव र माओवादीको मधेशी मुक्ति मोर्चाका तत्कालीन महासचिव प्रभु साहले कुनै पहल नगरेको राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनमा उल्लेख छ।

२७ जना वाईसीएल नेता कार्यकर्ताको विभत्स हत्या गरेको भन्दै पीडित परिवारले यादवसहित फोरमका ६६ जनाविरुद्ध किटानी जाहेरी दिएका थिए। तर,हालसम्म घटनामा संलग्न भएको आरोप लागेका कसैमाथि पनि कुनै छानबिन वा कारबाही भएको छैन।

१७ वर्षसम्म पनि न्याय नपाएपछि गौर हत्याकाण्डका पीडितहरूले संघर्ष समिति गठन गरेर गत साउन १ गतेदेखि चरणबद्ध आन्दोलन गर्दै आएका थिए। त्यसलाई सम्बोधन गर्दै गृह मन्त्रालयले हालै उनीहरूसँग वार्ता गरी सम्झौता गरेको थियो।

सम्झौतामा गृह मन्त्रालयका सहसचिव तथा प्रवक्ता नारायणप्रसाद भट्टराई र संघर्ष समितिकी संयोजक रुपसागर देवी उपाध्यायले हस्ताक्षर गर्नु भएको थियो। उक्त सम्झौताको पहिलो बुँदा घटनाका दोषीहरूलाई तथ्य र प्रमाणका आधारमा कानूनी कारबाही गर्ने उल्लेख छ।

सरकारले सम्झौताको पहिलो बुँदामा त्यतिबेला परेको जाहेरीलाई समेत आधार मानेर अनुसन्धान गर्ने उल्लेख छ। तर,त्यही बुँदामा असन्तुष्टि जनाउँदै जसपाले सरकारलाई उक्त अनुसन्धान गर्ने सहमतिबाट पछि नहटे सरकारलाई दिएको समर्थन फिर्ता लिने धम्की दियो। त्यतिबेला जसपा अध्यक्ष यादवविरुद्ध पनि जाहेरी परेको थियो। त्यसैले यादवमाथि पनि छानबीन हुने भएकाले जसपा भयभित भएको थियो।

जसपाको धम्कीबाट आत्तिएका प्रधानमन्त्री प्रचण्ड आफ्नै कार्यकर्ता मारिएको घटनाको अनुसन्धान गर्नबाट पछि हटनु भएको छ। सोमबार बसेको गठबन्धन दलहरूको शीर्ष बैठकमा जसपाले सरकार र संघर्ष समितिबीच भएको सम्झौतामा आपत्ति जनायो।

त्यसपछि शीर्ष नेताहरुबीच उक्त घटनालाई लिएर यादवमाथि कारबाही हुन नहुनेमा एकमत भएका छन्। बैठकपछि एकीकृत समाजवादीका उपाध्यक्ष राजेन्द्र पाण्डेले घटनाका पीडितहरूले क्षतिपूर्ति पाइसकेकाले अब यो विषय थप अगाडि बढाउनु उचित नहुने समझदारी भएको बताउनु भयो।

तेस्रो पटक प्रधानमन्त्री बन्नु भएका प्रचण्डले आफूले सरकारको नेतृत्व गर्दासमेत आफ्नै कार्यकर्तालाई न्याय दिन भन्दा सत्ता जोगााउन महत्वपूर्ण ठान्नुभयो। आफ्नो कार्यकर्ताको हत्यारालाई कारबाहीको दायरामा ल्याउनु त कता हो कता उहाँहरुलाई सत्ताको सहयात्री बनाइरहनु भएको छ।

***प्रचण्डको दोहोरो चरित्र***

पार्टीको नेता कार्यकर्ताको विषयमा माओवादी केन्द्रका अध्यक्षसमेत रहनु भएका प्रधानमन्त्री प्रचण्डको चरित्र दोहोरो देखिएको छ। आफूले सरकारको नेतृत्व गर्दासमेत गौर घटनामा मारिएका पार्टीका कार्यकर्तालाई न्याय दिन तदारुकता नदेखाएका प्रचण्ड पार्टी उपाध्यक्ष कृष्णबहादुर महरा र उहाँको छोराको बचाउमा हुनु हुन्छ न्।

गैर-कानुनीरुपमा नेपालमाभेपमा सुन भित्रिएको प्रकरणमा महराका बाबुछोराको संलग्नता देखिएको छ। सुन तस्करसँग उनीहरुको फोनमा पटक-पटक सम्पर्क भएको सिआइबीको अनुसन्धानमा देखिएको छ। तर,अदालतमा मुद्दा दर्ता गर्दा भने महराको बाबु छोरालाई प्रतिवादी बनाइएको छैन।

चर्को सुशासनको नारा लगाएका प्रधानमन्त्री प्रचण्डले आफ्नो पार्टीको नेतालाई जोगाएको भन्दै उहाँको चर्को आलोचना पनि भइरहेको छ। पार्टीको कार्यकर्ताको हत्या गरेकासँग सत्ता साझेदारी गरेकोमा पार्टीभित्र असन्तुष्टिसमेत रहेको एक नेताले बताए।

"पार्टीको २७ जना कार्यकर्ताको हत्या गर्नेसँग राजनीतिक सहकार्य गर्नु हुँदैन भनेर पार्टीभित्र प्रश्न पनि उठेको हो। तर,पनि उनीहरुसँगै सत्ता साझेदारी भइरहेको छ",ती नेताले भने। उनले एकातर्फ सत्ता जोगाउन पार्टीको कार्यकर्ता मारेकासँग सहकार्य गर्ने र अर्कोतर्फ पार्टीको नेता जोगाउन पार्टीकै चरित्र धुमिल्याउने काम गर्न नहुने बताए।

उसो त प्रधानमन्त्री प्रचण्ड सुन प्रकरणको अनुसन्धान गर्न उच्चस्तरीय छानबिन समिति बनााउन पनि तयार हुनुहुन्नन्। उच्चस्तरीय समितिको माग गर्दै प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले साउन १० गतेदेखि सदन अवरुद्ध बनाउँदै आएको छ। सुशासनको नारा लगाएका प्रधानमन्त्री सुन प्रकरणको अनुसन्धानको लागि संसदीय समिति बनाउनबाट किन डराइरहनु भएको छ ? भन्ने प्रश्न प्रतिपक्षीको छ।

# अवरुद्ध संसद खोल्न को लचिलो बन्ला?

**■ सिन्धुली सौगात**

काठमाडौं- साउन २ गते विमानस्थलबाट पक्राउ गरिएको करिब सय केजी सुन प्रकरणको छानबिन गर्न उच्च स्तरीय समितिको माग गर्दै प्रतिपक्षी एमालेको सदन अवरोध कायमै छ। गत साउन १० गतेदेखि निरन्तर रुपमा सदन अवरुद्ध गरिरहेको एमालेले आफ्नो अडानबाट पछि नहट्ने जनाएको छ। एमालेले आइतबार पत्रकार सम्मलेन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको राजीनामा समेत माग गरेको छ।

एमाले सुन प्रकरणको छानबिनका लागि उच्चस्तरीय न्यायिक समितिको गठनको मागबाट टसमस नगर्ने निष्कर्षमा पुगेको छ। सत्तारुढ गठबन्धनले सरकारका तालुक निकायले छानबिन गरिरहेको प्रकरणको लागि अर्को नयाँ समितिको गठन आवश्यक नरहेको बताइरहेको छ।

सोमबार बसेको सत्तारुढ गठबन्धनको बैठकले प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो(सिआइबी)ले छानबिन गरिरहेको घटनालाई अन्य निकायको आवश्यकता नपर्ने निचोड निकालेको छ।

प्रमुख प्रतिपक्षी एमाले र सत्तारुढ दलको आफ्नै हठले करिब एक महिनादेखि सदन अवरुद्ध छ। दुबैतर्फको हठले सदनको गत्यावरोध हट्ने सम्भावना छैन। सदनको बैठक सुरु हुनै लाग्दा सत्तारुढ र प्रतिपक्षको जुहारीले सदन सहज रुपमा सञ्चालन हुन नसक्दा सरकारले विजनेश दिन पाएको छैन।

सरकारले सदनको गत्यावरोध हटाउन निरन्तर पहल गरेपनि कुनै आशातीत परिणाम आउन सकेको छैन। प्रधानमन्त्री प्रचण्डले सभामुख देवराज घिमिरेसहित सर्वदलीय बैठक बसालेर सदन सुचारु गर्न पहल गरिरहनु भएको थियो। तर उहाँको पहलले अवरुद्ध सदन खुलाउने बारे कुनै निकास निस्कन सकेन।

नेकपा (एमाले) का उपमहासचिव पृथ्बीसुब्बा गुरुङले सदनको गत्यावरोध हटाउने दायित्व सरकारको भएको बताउनुभयो। उहाँले सदनलाई विजनेश दिने सरकारको काम भएकाले प्रतिपक्षको माग सम्बोधन गर्नुपर्ने दाबी गर्नुभयो।

उपमहासचिव गुरुङले भन्नुभयो, "सदन चलाउने जिम्मा सरकारको हो। प्रतिपक्षीले आफ्नो मत राख्छ। त्यसको सम्बोधन गर्ने जिम्मा सरकारको हो। सरकारले प्रतिपक्षीको मागको अवमूल्यन गर्न मिल्दैन।"

उहाँले राज्यका निकायले गर्ने अनुसन्धानमा कर्मचारीसम्मिलित हुने हुँदा निष्पक्ष नहुने जिकिर गर्दै एमाले उच्चस्तरीय छाबिन समिति गठनको मागमा यथावत रहेको जनाउनु भयो। उहाँले उच्चस्तरीय न्यायीक समितिको गठनले मात्रै सुन प्रकरणको निष्पक्ष छानबिन गर्ने दाबी गर्नुभयो।

एमालेको माग विपरीत सत्तारुढ दलका नेताहरु अहिलेकै सरकारी निकायले छानबिन प्रक्रियालाई निरन्तरता दिनुपर्ने अडानमा छन्। प्रहरीको सिआइबीले गरिरहेको अनुसन्धानलाई हस्तक्षेप गर्न नहुने उनीहरुको प्रतिक्रिया छ।

सत्तारुढ नेपाली काँग्रेसका सांसद रामहरि खतिवडाले उच्चस्तरीय छानबिन समितको गठनले राज्यका अनुसन्धानरत निकायलाई निकम्मा बनाउने तर्क गर्दछन्। हालकै सरकार मातहतका निकायले नै अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउनु पर्ने उहाँको धारणा छ।

सांसद खतिवडाले भन्नुभयो, "अहिले अनुसन्धानरत निकायलाई अविश्वास गरेर नयाँ समिति गठन गर्दा राज्यसत्तालाई पंगु बनाउने काम हुन्छ। सरकारका निकायले गरिरहेको अनुसन्धानलाई प्रभावित पार्ने गरी अर्को समिति गठनको आवश्यकता छैन।"

उहाँले सरकारका निकायले गरिरहेको अनुसन्धानलाई प्रभावित पार्न एमालेले उच्चस्तरीय छानबिन समिति गठनको बखेडा झिकेको आरोप लगाउनु भयो। उहाँले राजनीतिक भागबण्डाको आधारमा गठन गरिने छानबिन समितिले अनुसन्धान निष्पक्ष रुपमा गर्न नसक्ने जिकिर गर्नुभयो।

## गालेपछि थप घट्यो बरामद सुनको तौल

**■ रासस**

काठमाडौं, - त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको भन्सार छली अवैध रुपमा नेपाल भित्रिएको सुनको वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको छ।

बरामद गरिएको सामानको सुनसहितको कूल तौल एक सय ५५ किलो चार सय ६८ ग्राम भएकोमा नेपाल राष्ट्र बैंकअन्तर्गतको टक्सार महाशाखाले ब्रेकशु, प्याकेजिङ कार्टुनलगायतबाट छुट्याएपछिको सुन तौल ६० किलो सात सय ८९ ग्राम कायम भएको थियो। तर मंगलवार उक्त सुन गाल्दा ७३ ग्राम जर्ती काटिएपछि वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको महाशाखा प्रमुख थानेश्वर आचार्यले जानकारी दिनुभयो।

रेडी ट्रेडर्सका नाममा हङकङबाट आयात भएको दुईपाँग्रे सवारीको पार्टस् ब्रेक शुभित्र लुकाएर ल्याइएको सुन त्रिभुवन विमानस्थल बाहिरिँदै गर्दा राजस्व अनुसन्धान विभागले यही साउन ३ गते सिनामंगल क्षेत्रबाट बरामद गरेको थियो।

"हामीले बरामद सुन आज गालिसकेपछि धेरै ठूलो जर्ती गएन। वास्तविक तौल ६० किलो सात सय १६ ग्राम कायम भएको छ", उहाँले भन्नुभयो, "सामान्य रुपले हेर्दा राम्रो गुणस्तरकै सुनजस्तो देखिन्छ। तर वास्तविक गुणस्तर परीक्षण तीन दिनभित्र गरिसक्छौं।"

राष्ट्र बैंकले सुन गालिसके पनि यो प्रकरणको छानबिन प्रक्रिया भने सकिसकेको छैन। गालीसकेको सुन अब के हुन्छ भन्ने विषयमा सरकारले नै निर्णय लिने आचार्यको भनाइ छ। जुनसुकै अवैध सामग्री बरामद भएपछि त्यो स्वतः सरकारको स्वामित्वमा जान्छ र त्यस्तो सामग्री के गर्ने भन्ने विषयमा सरकारले नै निर्णय लिन्छ। सामान्यतः बरामद सुनको तौल र गुणस्तर परीक्षणपछि अन्तर्राष्ट्रिय मूल्यमा पाँच प्रतिशत थप रकम तिरेर सरकारसँग राष्ट्र बैंकले किन्ने गरेको छ।

सुन तस्करीबारे अनुसन्धान जारी छ। सो सम्बन्धमा नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी)ले अनुसन्धान गरिरहेको छ।


***भू-क्षय न्यूनीकरणका उपाय अपनाऔँ***

- वस्तीको माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं।
- जमिन चिरा परेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं।
- भौगोलिक अवस्था विचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं।

***भू-क्षयबाट बचौं र बचाऔं।***

नेपाल सरकार
बिज्ञापन बोर्ड


## आजको राशिफल

*मेष(चु, चे, चो, ला, लि, लु, ले, लो, अ):* व्यवसायको सिलसिलामा भ्रमण गर्ने मौका आउला। आतिथ्यपूर्ण सम्मान पनि पाइनेछ। कृषि तथा पशुपालनमा खर्च बढ्नेछ। व्यवसायबाट भने लाभ हुने समय छ। नयाँ काम सुरु गर्ने समय छ। व्यापारमा राम्रै धन लाभ हुनेछ।

*बृष(ई, ऊ, ए, ओ, वा, वी, वु, वे, वो):* व्यापार व्यवसायमा फाइदा होला। काम गरेर अरूलाई आकर्षित गर्न सकिनेछ। सामान्य प्रयासबाटै काममा सफलता मिल्नेछ भने वैदेशिक क्षेत्रका अधुरा काम बन्नेछन्। साथीभाइले काममा सहयोग जुटाउनेछन्। रचनात्मक काममा जुट्ने समय छ।

*मिथुन(का, की, कु, घ, ङ, छ, के, को, हा):* विचार नपुर्याई बोल्नाले समस्या उत्पन्न गर्न सक्छ। सामाजिक प्रतिष्ठा मिल्नेछ, गरेका कामको प्रशंसा हुनेछ। अप्ठ्यारा परिस्थितिसँग सम्झौता गर्नुपर्ला। निर्णय गलत ठाउँमा पर्न सक्छ। कडा प्रायस गरेपनि सफलता हात नलाग्न सक्छ। साथै, बादविवाद हुन सक्छ।

*कर्कट(ही, हु, हे, हो, डा, डी, डु, डे, डो):* पहिलेका कमजोरीलाई सुधार गर्न सकिनेछ। टाढिएका सहयोगीहरूको साथ पनि मिल्नेछ। शिक्षा क्षेत्रमा सफलता हासिल गर्न सकिनेछ। ब्यापारबाट सोचे झैं लाभ हुनेछ। नयाँ कामको सुरुवात खासै राम्रो छैन। कार्यमा हैरानी बढ्न सक्छ।

*सिहं (मा, मी, मु, मे, मो, टा, टी, टु, टे):* आम्दानी बढ्ने समय छ। मनोरञ्जनपूर्ण क्रियाकलापमा सहभागी हुन पाइएला। भौतिक सुख सुबिधाको साधन प्राप्ति हुनेछ। शिक्षा क्षेत्र शुभ रहेको छ। सामाजिक काममा नेतृत्वदायी भुमिकामा खटिनु पर्नेछ, यसले मान प्रतिस्ठा राम्रो हुनेछ।

*कन्या (टो, पा, पी, पु, ष, ण, ठ, पे, पो):* काम बने पनि बोझ र जिम्मेवारी थपिन सक्छ। सुख दुःखमा साथ दिनेहरू भने भेटिनेछन्। आरामदायी यात्रामा रमाइलो हुनेछ। बोलीमा सजगता नअपनाए झूटा आरोप लाग्न सक्छ। परिवारबाट टाढा बस्नुपर्ने छ। साथै, साहित्यिक कार्यमा मन जाने छ।

*तुला(रा, री, रु, रे, रो, ता, ती, तु, ते):* स्वास्थ्य कमजोर रहेपनि काममा परिस्थितिले साथ दिनेछ। अरूका काममा समय खर्चनुपर्ला। पेटको खराबीले सताउला। पढाइ लेखाइमा पनि ध्यान दिन नसकिएला। पिडा दिनेहरु सक्रिय रहन सक्छन्, एकदमै सावधान रहनु होला।

*बृश्चिक (तो, ना, नी, नु, ने, नो, या, यी, यु):* काममा अलि प्रतिस्पर्धा गर्नुपर्ला। केही चुनौती समेत देखा पर्नेछन्। कोसिस गर्दा केही अवसर मिल्न सक्छ। आर्थिक पक्ष सबल बन्नेछ। चुनौतीहरू सजिलै पार लाग्नेछन्। बुद्धि बिबेकले राम्रो काम गर्नेछ। अनायासै ठिक निर्णय हुनेछ।

*धनु (ये, यो, भा, भी, भु, ध, फा, ढा, भे):* प्रेम र मित्रताको बन्धन कसिनेछ। व्यापारमा पनि फाइदै हुनेछ तर खर्च भने बढ्नेछ। व्यापार व्यवसायमा फाइदा हुनेछ। प्रतिस्पर्धीहरू पराजित हुनेछन्। आँटे गरेको कार्यमा सफलता मिल्नुका साथै आर्थिक फाइदा हुने देखिन्छ।

*मकर (भो, जा, जी, जु, जे, जो, ख, खी, खु, खे, खो, गा, गी):* व्यवसायिक कामका लागि टाढाको यात्राको सम्भावना छ। आयआर्जन भए पनि चोट पटक लाग्न सक्छ। मित्र वर्गबाट साथ सहयोग पाइनेछ। सामाजिक एवम् राजनैतिक क्षेत्रमा गरेको योगदानले मान सम्मान मिल्ला। घरायसी समस्याले सताएपनि गरेका कार्य सफल हुनाले मन सन्तुष्ठ रहने छ।

*कुम्भ (गु, गे, गो, सा, सी, सु, से, सो, दा):* झमेला, विवाद र चोट पटकको योग छ। आर्थिक अभावले सताउनेछ भने कामको चाप पनि बढ्ने देखिन्छ। नयाँ काम सुरु गर्ने समय छ। खर्चको मात्रा भने बढ्न सक्छ। काममा ढिला सुस्ती आउनुका साथै आर्थिक हानी हुने सक्छ, सावधान रहनु होला।

*मीन(दी, दु, थ, झ, ञ, दे, दो, चा, ची):* पठन पाठनमा त्यत्ति ध्यान दिन नसकिएला। काममा समेत केही चुनौती देखा पर्नेछन्। स्वास्थ्यमा देखिने समस्याले नियमित काम एवम् पढाइ लेखाइ प्रभावित हुने सम्भावना छ। काम गर्नमा नै समय बिताए मन खुशी नै रहे पनि सोचे जति फाइदा हुने छैन।

**तपाईँको दिन शुभ रहोस्!**

प्रकाशक : सगुन सौगात मिडिया प्रा.लि. मुद्रकः सगुन अफसेट प्रिन्टिङ्ग प्रेस, कार्यालयः क.न.पा. ५, मधुटार, सिन्धुली, फोन नं. ०४७-५२१०१५, ईमेल : ssmedia2068@gmail.com
अध्यक्षः विनोद कुमार रायमाझी (९८४४०४५८६७), सम्पादकःसविर रायमाझी, सह-सम्पादकः- सगुन रायमाझी, कार्यकारी सम्पादकःसौगात रायमाझी, कम्प्यूटर/डिजाईनः- सागर रायमाझी